नेपाली राजदूतावास
पेरिस, फ्रान्स

## फ्रान्सको एभिनीयों(Avignon)मा राहदानी तथा कन्सुलर सेवा उपलब्ध गराउने बारे अत्यन्त जरूरी सूचना !!

नेपाली राजदूतावास, पेरिसले यही मिति २०८२ चैत्र २८ र २९ गते (तदनुसार ११ र १२ अप्रिल, २०२६) फ्रान्सको एभिन्यू शहरमा दुई दिने कार्यक्रम संचालन गर्न लागेको सम्बन्धित सबैलाई जानकारी गराईन्छ । चैत्र २८ गतेका दिन **SALLE ANFOS TAVAN, 210 Rue du Barron le Roy, 84470 Chateauneauf de Gadagne** मा विद्युतीय राहदानीको लागि जैविक तथ्याङ्क संकलन र कन्सुलर सेवा बिहान ९ बजेदेखि बेलुका ५ बजेसम्म उपलब्ध गराउने र चैत्र २९ गतेका दिन बिहान ९ बजेदेखि बेलुका ४:३० बजेसम्म नेपाली समुदायसंग अन्तर्किया तथा छलफल गर्ने र पर्यटन प्रवर्धनका कार्यक्रमहरू संचालन गर्न लागेको हुँदा एभिन्यूमा बस्ने र यस स्थानबाट पायक पर्ने नजिकका अन्य शहरहरूमा रहने/बस्ने सम्पूर्ण नेपालीहरूले आफ्नो आवश्यकता अनुसारको सेवा लिन र छलफल तथा पर्यटन प्रवर्धन कार्यक्रममा सहभागिताका लागि सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

राहदानी तथा कन्सुलर सेवा लिनका लागि देहाय बमोजिमका कागजातहरू र प्रकृयाहरू अनिवार्य रूपमा पालना गर्नु पर्ने छः

- राहदानीका लागि सर्वप्रथम अनलाइनबाट फाराम भरी निर्धारित तरिका अनुसार मिति र समय बुक गर्नु पर्दछ। फाराम भर्नका लागि यो लिङ्क https://emrtds.nepalpassport.gov.np/ मा जानुहोस र फाराम भर्ने सम्बन्धमा जानकारीका लागि यो लिङ्क https://nepalpassport.gov.np/process/-6 मा जाने र फारामहरू भर्ने,
- अनलाईन भरिएका फाराम र सो साथ संलग्न गर्नुपर्ने कागजातहरू राजदूतावास, पेरिसको इमेल ठेगाना eonparis@mofa.gov.np मा पठाउने,
- थप जानकारीका लागि राजदूतावासको हटलाईन नम्बर +३३६१०५०५४८८ सम्पर्क गर्ने,
- राजदूतावासले माथि तोकेको स्थान र समयमा सेवाग्राही आफै उपस्थित हुने ।

**राहदानीको निमित्त आवेदन दिंदा आवश्यक पर्ने कागजातः**

राहदानीको निमित्त यस नियोगमा आवेदन दिंदा निम्न अनुसारका कागजात पेस गर्नु पर्दछः

१) दरखास्त फाराम भरेपश्चात् प्राप्त बारकोड तथा QR कोड सहितको फारामको प्रिन्ट,

२) नेपाली नागरिकताको प्रमाणपत्रको सक्कल प्रति र प्रतिलिपि, नाबालिगको हकमा सम्बन्धित जिल्ला वा इलाका प्रशासन कार्यालयबाट जारी गरिएको नाबालिग परिचयपत्रको सक्कल प्रति र प्रतिलिपि १ प्रति, र आमा-बाबु दुबैको नागरिकताको प्रमाणपत्रका प्रतिलिपि १ प्रति, र विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि १ प्रति,

३) पुरानो राहदानी (पहिले बनाएको भएमा मात्र) को सक्कल प्रति र प्रतिलिपि १ प्रति,

४) सम्बन्धित देशमा रहेको प्रमाण जनाउने कागजात (जस्तै, आवास अनुमति पत्र, Entry Stamp सहितको भिसाको प्रति आदि)

५) राहदानी हराएको/चोरिएको (Lost/Stolen) हकमा, राहदानी हराएको सम्बन्धित देशको Police Report अनिवार्य रुपमा संलग्न गर्ने।

**विदेशमै जन्मिएका नेपाली आमा-बाबुका सन्तानको पहिलो पटक राहदानीका लागि आवेदन दिने विशेष व्यवस्थाः**

नेपाली आमा-बाबुबाट विदेशमा जन्मेका सन्तानको हकमा नाबालिग परिचयपत्र नहुने भएकोले जन्म दर्ताको प्रमाणपत्र (Birth Registration Certificate) लाई मुख्य आधार मानी राजदूतावासले जन्मदर्ता नम्बर प्रदान गर्दछ, जुन नम्बर नागरिकता भनेको महलमा उल्लेख गर्नु पर्दछ। यसका लागि निम्न अनुसारका थप कागजातहरू आवश्यक पर्दछन्ः

१) अनलाईन पोर्टलको लिङ्क https://donidcr.gov.np मा भरेको जन्मदर्ता फारमको टोकन नः।

२) आमा बाबु दुवै जनाको नागरिकताको सक्कल प्रति र प्रतिलिपि १ प्रति,

३) आमा बाबु दुवैजनाको राहदानीको सक्कल प्रति र प्रतिलिपि १ प्रति,

४) आमा बाबुको विवाह दर्ताको प्रमाणपत्रको सक्कल र प्रतिलिपि १ प्रति,

45 bis, rue des Acacias, 75017 Paris, France. Tel: +33-1-77 16 52 57 Fax: 42 27 08 65
Email: nepalinparis@noos.fr Website: fr.nepalembassy.gov.np

५) नाबालकको विदेशी जन्म दर्ताको सक्कल प्रति र सोको प्रतिलिपि १ प्रति,
६) नाबालकको हालै खिचेको पासपोर्ट आकारको फोटाहरू २ प्रति

राहदानीका लागि लाग्ने राजस्व दस्तुर:

| | |
|---|---|
| नयाँ राहदानी बनाउन/ नविकरण गर्न | **१० वर्ष माथिका हकमा**<br>१२० युरो - ३४ पृष्ठको लागि<br>१७० युरो - ६६ पृष्ठको लागि<br>**१० वर्ष मुनिका नाबालकको हकमा**<br>६० युरो - ३४ पृष्ठको लागि<br>११० युरो - ६६ पृष्ठको लागि |
| हराएको/बिग्रिएको राहदानी बनाउन | **१० वर्ष माथिका हकमा**<br>१८० युरो - ३४ पृष्ठको लागि<br>२५५ युरो - ६६ पृष्ठको लागि<br>**१० वर्ष मुनिका नाबालकको हकमा**<br>९० युरो - ३४ पृष्ठको लागि<br>१६५ युरो - ६६ पृष्ठको लागि |

**कन्सुलर सेवा लिनको लागि कागजात प्रमाणीकरण:**

नेपाल सरकार, परराष्ट्र मन्त्रालय, कन्सुलर सेवा विभागबाट प्रमाणीकरण गरिएका कागजातहरू यस राजदूतावासबाट प्रमाणीकरण गर्नुपर्ने भएमा सोको लागि निम्नानुसार कागजात पेश गर्नुपर्नेछ:

१) प्रमाणीकरण गर्नु पर्ने कागजातको नाम उल्लेख गरिएको निवेदन।
२) नेपाली राहदानीको प्रतिलिपि एक प्रति ।
३) नेपाली नागरिकताको प्रतिलिपि एक प्रति।
४) प्रमाणीकरण गर्नुपर्ने हरेक कागजातको सक्कल तथा प्रतिलिपि।
५) फ्रान्स, एण्डोरा र मोनाकोमा बसोबास गरेको प्रमाण (Residency Proof) वा उल्लिखित देशहरूमा आवासीय भिसा (लामो वा छोटो अवधिको) प्राप्त गरेको प्रमाण।
६) प्रमाणीकरण बापत लाग्ने प्रत्येक कागज (प्रत्येक पानाको होइन) वापतको दस्तुर यूरो ५०।

माथि उल्लेखित सेवाको लागि लाग्ने राजस्व/दस्तुर देहायको खातामा अनलाईन भूक्तानी (**Instant Transfer**) गर्नुहुन समेत सम्बन्धित सबैलाई सूचित गरिन्छ:

**<u>राजदूतावासको खाताको विवरण:</u>**

Beneficiary Name: Embassy of Nepal Paris
Account IBAN: FR7630003033920015036235095
Bank Name: Societe Generale Bank Paris

नेपाली राजदूतावास, पेरिस
२०८२।११।२७
(११ मार्च २०२६)